जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.नि.वि.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २९३ २०७९ साल असार २० गते सोमबार (4 July 2022 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : एक सरकारी विद्यालयको ... ३ पृष्ठमा : 'सञ्चार क्षेत्रका लागि सुरक्षित ... ३ पृष्ठमा : भारतद्वारा धार्मिक ...

## रोहिङ्ग्या, बंगलादेशी र पाकिस्तानी नागरिक सुरक्षाका निम्ती खतरा भएको भन्दै प्रवेशमा कडाई र नियन्त्रण गर्न माग



**दैनिक समाचारदाता**
**राजबिराज, १९ असार ।**

विश्वहिन्दु परिषद सप्तरीले विभिन्न वहानामा नेपाल पसेको रोहिङ्ग्या, बंगलादेशी र पाकिस्तानी नागरिक नेपालको आन्तरिक सुरक्षाका निम्ती खतराको संकेत भएको भन्दै उनीहरुको प्रवेशमा कडाई र नियन्त्रण गर्न माग गरेको छ ।

प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई आइतबार एक ज्ञापन पत्र बुझाउँदै परिषदले यस्तो माग गरेको हो ।

प्रधानमन्त्रीलाई पठाइएको ज्ञापनपत्रमा देशको सास्कृतिक पहिचानलाई खलल पुऱ्याउने त्यस्तो व्यक्ति र समुहलाई गैर कानुनी रुपमा नेपाल प्रवेशमा सघाउने र संरक्षण दिनेमाथी समेत कडा निगरानी र कारवाही गर्न माग गरिएको छ ।

मानवताका लागी चुनौतीपुर्ण मानिएको यस प्रकृतिका समुह र संगठनको काम कारवाही नेपालमा समेत विस्तार हुदै गएको तथ्य बाहिर आएको छ, ज्ञापन पत्रमा उल्लेख गर्दै भनिएको छ "यसलाई इस्लामिक समुह र संगठनकै प्रभाव र प्रयासमा नेपालमा मदरसाहरुको अनियन्त्रित विस्तार र त्यसमा विदेशी मौलवी/मौलानाको उल्लेख्य प्रवेशले सुरक्षा चुनौती समेत बढेको देखिन्छ ।"

ज्ञापनपत्रमा मदरसा विधेयकलाई राष्ट्रघाती र मानवता विरोधीको संज्ञा दिदै यसलाई कुनै पनि हालतमा स्वीकार गर्न नसकिने उल्लेख गरिएको छ ।

परिषदका अध्यक्ष रामकिसुन साहका साथै लोकेन्द्र झा, कार्तिक चौधरी, दिलिप साह लगायत पदाधीकारी सम्मिलीत टोलीद्वारा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम मार्फत गृहमन्त्रालयलाई समेत बोधार्थ दिइएको छ ।

## मिटरब्याजी पीडितद्वारा अदालत बाहिर प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

मिटरब्याजी रामदेव साह र उनका परिवारबाट पीडित भएकाहरुद्वारा गठित संघर्ष समितिले आइतबार जिल्ला अदालत सप्तरी अगाडी प्रदर्शन गरेका छन् ।

साह परिवारबाट पीडितहरुले न्याय खोज्दै अदालत बाहिर प्रदर्शन गरेका हुन् ।

सप्तरीको खडक नगरपालिका ६ कल्याणपुर निवासी रामदेव साह र उनका परिवारले सुन, चाँदीका गरगहाना र जग्गा बन्धकी राखेर चर्को मिटरब्याज असुली गरेको पीडितहरुको भनाई छ ।

मिटरब्याजी रामदेव साह परिवारबाट पीडितहरुद्वारा गठित संघर्ष समितिका संयोजक छेदी पासवानले रकम फिर्ता गर्दा पनि गरगहना र जग्गा फिर्ता नगरि आफूहरुको उठिवास गराएको भन्दै न्यायका लागि अदालत अगाडी शान्तिपूर्ण प्रदर्शन गरेको बताए ।

पक्राउ पूर्जी समेत जारि भइसकेका रामदेव भने अहिलेसम्म पक्राउ परेका छैनन् । उनलाई पक्राउ गर्न दबाब दिन पनि स्थानिय प्रशासन र अदालत अगाडी प्रदर्शन गर्नुपरेको अर्का पीडित तैयब अलिले बताए ।

प्रहरीले रामदेवका छोरा नन्दकिशोर र छोरी अनुराधालाई २२ दिन अघि पक्राउ गरि दुबैमाथी ठगि तथा विश्वासघात कसुर अन्तरगत अनुसन्धान गर्न अदालतबाट पटक पटक म्याद थप गरेको छ ।

## फरार प्रतिवादी सदा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ असार ।**

अदालतबाट चोरी नकबजनी मुद्दामा कैद सजाय तोकि फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ निवासी २० वर्षिय लालदेव सदा छन् ।



सोही वडा निवासी सतिश यादवको हार्डवेयर पसलमा १ लाख भन्दा बढीको मालसामान चोरी गरेको आरोपमा सप्तरी जिल्ला अदालतबाट २०७७ कात्तिक २५ गते उनलाई ३ वर्ष कैद र ३० हजार जरिवानाको फैसला भएको थियो ।

उनलाई गाउँघरमै लुकिबसेको अवस्थामा अघिल्लो दिन शनिबार

*बाँकी तीन पृष्ठमा*

## कोरोना महामारीका कारण रोकिएको छोरी शिक्षा बिमा पुनः शुरु



**दैनिक समाचारदाता**
**जनकपुर, १९ असार ।**

कोरोना महामारीका कारण अवरुद्ध मधेश सरकारको महत्वकांक्षी योजना छोरी शिक्षा विमा पुनः शुरु भएको छ ।

छोरी शिक्षा बिमा अषाढ १९ गते देखी पुनः शुरु भएको शिक्षा विकास निर्देशनालय मधेश प्रदेशका शिक्षा निर्देशक चुडामणी फुयालले जानकारी दिएका छन् ।

शुरुमा विमा गरेको प्रभु बैंक सँगको सम्झौता अवधि समाप्त भएपछि रोकिएको बिमा प्रदेश सरकार र ग्लोबल आइएमई बैंक विच सम्झौता पछी छोरी शिक्षा विमा पुनः शुरू भएको प्रमुख फुयालले बताए ।

२०७८ माघ १ गते पछि जन्मीएको छोरीहरुको लागी शुरू गरिको बिमा, २० बर्षपछि ३ लाख दिने गरि प्रति बिमा ३७ हजार ४ सय ५७ रुपैया ६० पैसा मधेश सरकारले बैंकलाई दिनु पर्ने सम्झौता पत्रमा उल्लेख छ ।

मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत संचालित छोरी शिक्षा बिमाको समुदघाटन राष्ट्रपति विद्यादेवी भण्डारीले २०७५ फागुन ९ गते गरेकी थिइन् ।

**सामाजिक सञ्जालको दुरुपयोग हुनबाट बच्न सजगता अपनाऔं ।**

- सामाजिक सञ्जालको पासवर्ड गोप्य राखौं ।
- मोवाइल, कम्प्युटर, ल्यापटप जस्ता विद्युतीय उपकरण प्रयोग गरी सकेपछि अनिवार्य रुपमा लगआउट गरौं ।
- कसैको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु (अपलोड) गर्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमा चिनजान भएको भरमा भेट्न बोलाएको ठाउँमा नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- भ्रामक, आधिकारिकता नभएका सूचना, सन्देश, तस्वीर तथा भिडियो सेयर नगरौं, नगराऔं
- व्यक्तिको मर्यादा, सम्मान र प्रतिष्ठामा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट नगरौं ।
- अशोभनीय तथा शंकास्पद संदेशको प्रतिवाद गरौं । उक्त सन्देश प्रमाणका लागि सुरक्षित राखौं ।
- आफू पनि सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलापको नियन्त्रणमा सहयोग पुऱ्याऔं ।
- आफूलाई असुरक्षित महसुस भएमा तुरुन्तै प्रहरीलाई खबर गरौं ।

मधेश प्रदेश सरकार
आम सञ्चार प्राधिकरण

# एक सरकारी विद्यालयको अब्बल यात्रा

**रमेश लम्साल**

काठमाडौँ, १९ असार (रासस) ।

भनिन्छ- सरकारले शिक्षामा गरेको लगानी बालुवामा पानी खनाए सरह भएको छ । सरकारले शिक्षा क्षेत्रमा गरेको लगानीअनुसारको परिणाम आउन नसकेपछि यसो भन्ने गरिएको हो । त्यसैले अभिभावक सरकारी विद्यालयको नाम लिएपछि नाक खुम्च्याउने अवस्था आएको हो । सरकारी विद्यालयलाई हेरिने यही दृष्टिको मारमा विद्यार्थी र शिक्षक दुवै पर्ने गरेका छन् । देशका सबै सरकारी विद्यालय एउटै वर्गमा पर्दैनन् भन्ने तथ्यको पुष्टि शिक्षकहरु गर्न सक्दैनन् । त्यसैले उनीहरु यो मारमा परेका छन् ।

फेरि यसको अर्थ देशका निजी तथा आवासीय विद्यालयहरु मात्र गुणस्तरका र राम्रा हुन् भनेर लगाउन पनि मिल्दैन । ती विद्यालयका विद्यार्थी र उनीहरुका अभिभावकलाई चर्को व्यापारीकरणको मारले थिच्ने गरेका उदाहरणहरु पनि समाजमा प्रशस्तै भेटिन्छन् । यसरी असमानता हुर्कंदै गएको छ शिक्षामा । यस्तो विषम अवस्थामा पनि केही सरकारी लगानीका विद्यालयले फरक र सकारात्मक प्रगति गरेका छन् भन्ने तथ्यको लोभलाग्दो उदाहरण बन्न सक्छ भक्तपुरको नगदेशस्थित गणेश माध्यमिक विद्यालय ।

अधिकांश सरकारी विद्यालयका शिक्षक पढाउनेबाहेकका सबै काम गर्छन् भन्ने नेपाली समाजको व्यङ्ग्यात्मक गुनासोकै बीचमा गणेश माविसहितका केही विद्यालयले स्थापित गरेका मानकहरु देशको शिक्षा क्षेत्रकै लागि उदाहरणीय बन्न सक्छन् । हरेक क्षेत्रमा कालो बादलभित्र चाँदीको घेरा रहेजस्तै यिनै विद्यालयका प्रगतिबाट नेपालको शिक्षा क्षेत्रले सिक्न सक्छन् ।

नेपाली समाजमा कुनै पनि काम गर्नुभन्दा पहिले शुभ रहोस् भनेर गणेशको पूजाअर्चना गरिन्छ । हो, सोही शुभकार्यको प्रेरकका नाममा स्थापना भएको गणेश मावि यतिबेला देशकै केही अब्बल विद्यालयमध्येमा पर्छ । सो विद्यालयमा पढाउनका लागि अभिभावकले रोइकराइ गर्नुपर्ने बाध्यता रहेको छ ।

सरकारी लगानीको विद्यालय भए पनि अभिभावक आफ्ना छोराछोरीलाई सोही विद्यालयमा पढाउनका लागि राजनीतिक नेतृत्वलाई सोर्सफोर्स लगाउन बाध्य छन् । तर त्यसले पनि काम गर्दैन । प्रवेश परीक्षामा उत्तीर्ण भएका विद्यार्थीले मात्रै सो विद्यालयमा प्रवेश पाउँछन् । कक्षाकोठाको अभाव छ । अन्य भौतिक संरचना समेत साघुँरो बन्दै गएको छ । तर हरेक वर्ष विद्यार्थी थपिनेक्रम बढ्दै गएको छ । हरेक कक्षाकोठा भरिभराउ छन् । त्यसको तुलनामा शिक्षक कम भए पनि स्थानीय अभिभावक सोही विद्यालयमा नै आफ्ना सन्ततिले भर्ना पाएहुन्थ्यो भन्ने चाहना राख्छन् ।

विसं २००८ मा स्थापना भएको सो विद्यालयले यसबीचमा हजारौँ विद्यार्थी उत्पादन गऱ्यो । धेरैलाई शिक्षाको उज्यालो ज्योति दियो । भक्तपुरको नाम राख्यो र नगदेश भनेर चिनायो । गणेश माविले दिएको परिचयलाई धेरैले सिँगार्ने मौका पाए । आज सोही विद्यालय भक्तपुरकै अब्बल विद्यालयका रुपमा दर्ज हुँदा ती सबैलाई फेरि एकपटक आल्लादित बनाइदिएको छ ।

विद्यालयमा कूल एक हजार १२ जना विद्यार्थी छन् । त्यसमा पनि कक्षा १० सम्म विद्यार्थीको सङ्ख्या मात्रै ८०० छन् । वरिपरिका अभिभावकले निजी विद्यालयमा राखेका आफ्ना सन्तति धमाधम निकाल्दै गणेश माविमा ल्याउन थाले । सीमित साधन र स्रोतमा चलेको विद्यालयले थामीसक्ने अवस्था नै भएन । अत्यधिक चाप परेपछि विद्यालयले प्रवेश परीक्षा लिएर भर्ना लिएको विद्यालयका प्रधानाध्यापक केशवचरण श्रेष्ठको भनाइ छ ।

केशवचरणले सो विद्यालयमा अध्यापन गर्न थाल्नुभएको तीन दशक पूरा भयो । सुरुसुरुमा सरकारी विद्यालय बिग्रेकै होला त भने जस्तो लाग्थ्यो उहाँलाई पनि । 'सरकारी काम कहिले जाला घाम' भन्ने शैलीमा धेरैजसो विद्यालय अहिले पनि अधोगतितिर नै लागेको उहाँले पनि देख्नुभएको छ । "तर विद्यालय सुधार्ने जिम्मा हाम्रो हो, हामीले केही प्रयास गऱ्यौँ भने धेरै सुधार गर्न सकिन्छ र नाम राख्न सकिन्छ भन्ने मान्यताका साथ काम गऱ्यौँ भने त्यसै दिनदेखि विद्यालयको गुणस्तर सुधार हुन्छ", उहाँले भन्नुभयो, "यो मेरो दायित्व हो । हामी सरकारी कर्मचारी मात्रै होइनौँ, समाज सुधारक पनि हौँ भन्ने ठान्यौँ भने सुधार त्यहीँबाट सुरु हुन्छ ।"

यस विद्यालयले अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गरिरहेको छ । सरकारले दिएको रकमबाट अपुग भए पनि विद्यालयले व्यवस्थापन गरेरै दिवा खाजाको कार्यक्रम निरन्तर चलाइरहेको छ । कूल ४३७ जना विद्यार्थीले दिवा खाजा खान्छन् । आगामी आवका लागि कक्षा ६ का विद्यार्थीलाई समेत खाजा खुवाउने सरकारको नीति आएकाले अब त्यो सङ्ख्या बढेर ५०० जना बराबर पुग्नेछ ।

कक्षामा पढाउनु छैन भने शिक्षक आफैँ भान्छामा पुग्छन् । कोही तरकारी काट्न थाल्छन् । कोही ग्यास बाल्न । कोही भाँडा पखाल्न थाल्छन् भने कोही पकाउन । विद्यार्थीले खाजा नखाइकन शिक्षकले खाजा पनि खाँदैनन् । रासस प्रतिनिधि विद्यालय परिसर पुग्दा शिक्षक र विद्यालयका कर्मचारी मिलेर विद्यार्थीलाई खाजा खुवाइरहेका थिए ।

विद्यार्थीको स्वास्थ्य परीक्षणका लागि नर्स उपलब्ध छ । विद्यालयको नियमित प्राथना हुने समयभन्दा ढिला आउने विद्यार्थीलाई मात्रै होइन, शिक्षकले समेत प्रवेश पाउँदैनन् । दिनभर सबैले देख्ने सार्वजनिक सूचना पाटीमा त्यस्ता शिक्षकको नाम राखिन्छ । यस्तो व्यवस्था गरिएपछि शिक्षकलाई समेत अनुशासनमा राख्न सहयोग पुगेको प्रअ केशवचरणको अनुभव छ । "मानिसलाई नैतिक अनुशासनमा राख्न सकियो भने धेरै काम गर्न सकिँदोरहेछ, लज्जित हुनुभन्दा तोकिएको समयभन्दाअगावै विद्यालय हातामा प्रवेश गर्नु राम्रो हो भन्ने भावनाको विकास भएको छ", उहाँले भन्नुभयो ।

विद्यालय हातामा प्रवेश गरेपछि अङ्ग्रेजी माध्यममा पढाउने शिक्षकले विद्यार्थी, सहकर्मीसँग पनि अङ्ग्रेजीमा नै संवाद गर्नुपर्छ । विद्यार्थीलाई अनुशासित र मर्यादित बनाउन विद्यालयले दण्डरहित प्रणालीको विकास गरेको छ । विद्यार्थीलाई दण्ड दिएरभन्दा पनि गलत काम गर्नु हुँदैन भन्ने चेतनाको विकास गराउन अधिकतम प्रयास गरिन्छ । दण्डले विद्यार्थीमा नकारात्मक सोच विकास हुने र त्यसले झनै गलत मनोवृत्तिको विकास गर्ने भएकाले सकारात्मक ढङ्गबाटै सुधारमा जोड दिइएको छ ।

दश वर्ष पहिले अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्दा ठूलै पापड पेल्नुपरेको थियो । "एक निजी इस्टिच्युटबाट प्रशिक्षक ल्याएर भाषा कक्षा सञ्चालन गरियो । केही शिक्षकले सकिन्छ र ! भनिरहेका थिए तर हामीले सकिन्छ, गर्नैपर्छ भनेर सुरु गऱ्यौं । आज हामी सफल भएका छौँ", प्रअ श्रेष्ठको भनाइ छ ।

कोरोनाका कारण पछिल्ला दुई वर्ष शिक्षा क्षेत्र नराम्ररी प्रभावित भयो । गणेश मावि कहिल्यै पनि प्रभावित भएन । कुनै पनि दिन विद्यार्थीले पढन पाएनन् भन्ने गुनासो अभिभावकले सुन्नु परेन । अनलाइन माध्यमबाट हरेक दिन कक्षा चले । मोबाइल भएकाले सहजै पढ्न पाए । नभएकालाई समेत विद्यालयले वैकिल्पिक व्यवस्था गऱ्यो । कोही समूहमा बसेर पढे भने कोही सामाजिक र व्यक्तिगत दुरी कायमै राखेर पढे । वरपरका निजी विद्यालयसमेत जुमबाट कसरी कक्षा सञ्चालन गर्ने भनेर गणेश माविका शिक्षकसँग सिक्न आएका थिए ।

एक निजी विद्यालयमा १५ वर्ष अध्यापन गराएका विजयचरण श्रेष्ठ यतिबेला सोही विद्यालयको सहायक प्रधानाध्यापक हुनुहुन्छ । नातामा केशवचरणको भाइ विजयचरण गरे हरेक कुरा सम्भव हुने रहेछ भन्ने कुरा आफूले गणेश माविमा आएपछि थाहा पाएको बताउनुहुन्छ । निजी विद्यालयलेभन्दा राम्रो र गुणतस्तरीय शिक्षा सरकारी विद्यालयले दिएको उहाँको दाबी छ ।

विद्यालयमा हरेक दिन प्राथना हुन्छ । प्रारम्भिक बाल शिक्षा र कक्षा १ का विद्यार्थीलाई कक्षामा नै सो कार्य गराइन्छ । विद्यार्थी घरबाट आयो कि आएन, कहाँ गयो, गृहकार्य समयमा गऱ्यो कि गरेन वा उसलाई केही समस्या छ कि भनेर शिक्षकले मसिनो गरी हेर्छन् । विद्यालयमा नै ४८ वटा कम्प्युटर उपलब्ध छ । विज्ञान शिक्षाका लागि प्रयोगशाला छ । विद्यार्थीले सहजैरुपमा आफूले सिक्न मन लागेका कुरा सिक्न पाउँछन् ।

प॥ सरकारले विद्यालयलाई २२ जना शिक्षकको दरबन्दी दिएको छ । विद्यालयमा नर्स, सहयोगी कर्मचारीसहित २९ जना कार्यरत छन् । स्थान अभावले गर्दा कक्षा विभाजन गर्न सकिएको छैन । कूल ९० जनासम्म विद्यार्थीलाई एउटै कोठामा राखेर पढाउनु परेका बाध्यता सुनाउनुहुन्छ विजयचरण । सरकारी विद्यालयलाई सबल र सक्षम बनाउन सकिए, निजी विद्यालय आफैँ व्यवस्थित हुने उहाँको तर्क छ ।

प्रारम्भिक बाल कक्षा र कक्षा १ का विद्यार्थीले घरबाट सिसाकलम, कापी ल्याउनु पर्दैन । अभिभावकसँग सामान्य शुल्क लिएर विद्यालय आफैँले उपलब्ध गराउँछ । विद्यार्थीलाई बोझ नपर्ने गरी खेल्दै पढ्दैको नीति लागू गरिएको छ । तल्ला र माथिल्ला कक्षा सबैमा उत्तिकै विद्यार्थीको चाप छ । विसं २०७० को प्रवेशिका परीक्षामा विद्यालयले सर्वोत्कृष्ट नतिजा ल्यायो । संगीता प्रजापतिले नेपालकै सर्वोत्कृष्ट नतिजा ल्याइन् । संगीता मणिपालबाट एमबिबिएस उत्तीर्ण भइसकेकी छिन् । अन्य वर्षको नतिजा पनि उत्कृष्ट छ, कोही विद्यार्थी अनुत्तीर्ण छैनन् ।

नजिकका सरकारी विद्यालय विद्यार्थी नभएर हैरान छन् । तर गणेश माविमा पाइला हाल्ने ठाँउसमेत नहुँदा पनि भर्ना पाउँ भन्दै रोइकराइ गर्दै आउने अभिभावकको सङ्ख्या उल्लेख्य छ । "हामीलाई त आएका जति सबै विद्यार्थी भर्ना गरौँ भन्ने नै छ तर कक्षा कोठा छैन, कहाँ राखेर पढाउने ?" केशवचरणले भन्नुभयो, "विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई पनि त्यस्तै दबाब छ । तर हामीले अब नसक्ने नै भएका छौँ ।"

भक्तपुरको मध्यपुरथिमि नगरपालिकामा मात्रै १८ वटा सरकारी विद्यालय छन् । गणेश मावि नजिकै सिद्धिकाली, बोडे माविलगायतका छन् । उनीहरु औसत मात्रै छन् । सिद्धिकालीमा त विद्यार्थी सङ्ख्या नै कम छ । नेपालको संविधान जारी भएपछि हाल विद्यालय सञ्चालनको अधिकार स्थानीय तहलाई दिइएको छ । स्थानीय सरकारले अपेक्षाकृतरुपमा आफूलाई सहयोग नगरेको गुनासो सो विद्यालयको छ ।

कूल दुई रोपनी क्षेत्रफलमा फैलिएको विद्यालयलाई विस्तार गर्नुपर्ने र विद्यार्थीको चापअनुसार थप शिक्षक र कर्मचारी उपलब्ध गराउनुपर्ने आवश्यकता छ । पटकपटक माग गर्दासमेत अघिल्लो स्थानीय सरकारले सुनुवाइ नगरेको प्रअ केशवचरणको गुनासो छ । यसपटक स्थानीय सरकारले सहयोग गर्छु भनेकाले केही आशा पलाएको उहाँ सुनाउनुहुन्छ ।

विनियोजन विधेयकमाथिको छलफलका क्रममा सांसद घनश्याम खतिवडाले गणेश माविमा विद्यार्थीको चापका बारेमा प्रतिनिधिसभाको बैठकमा नै शिक्षामन्त्री देवेन्द्र पौडेलको ध्यानाकर्षण गराइदिनुभएको थियो । शिक्षामन्त्री पौडेलले पनि सो विद्यालयका बारेमा चासो राख्नुभएको छ । प्रतिनिधिसभाको बैठकमा समेत आफ्नो विद्यालयका बारेमा कुरा उठ्नुलाई सकारात्मकरुपमा लिएको सहायक प्रअ विजयचरणको भनाइ छ ।

यस विद्यालयमा कुनै पनि शिक्षकले राजनीति गर्न पाउँदैन । यहाँ आउने भनेको पढाउन आउने हो, अरु कुनै पनि विषयमा छुट छैन । कोही कसैले पनि ठगठाग गर्न पाउँदैन र बाहना निकालेर हिड्न पाउँदैन । प्रअ केशवचरण भन्नुहुन्छ, "हामीले शिक्षकसँग सम्झौता नै गरेका छौँ ।" कुन विद्यार्थी कक्षाकोठामा चल्यो, कुन शिक्षकले के पढायो, कसरी पढायो, सबै कुराको अनुगमन सिसीटिभी क्यामेरामार्फत प्रअले गरिरहेका हुन्छन् । "विद्यार्थी किन विद्यालय आएन, समस्या के हो भन्ने पनि निरन्तर अनुगमन गरेका हुन्छौँ । विद्यार्थीको मात्रै नभई शिक्षककोसमेत निरन्तर मूल्याङ्कन हुने भएकाले हामी सफल भएका छौँ", प्रअ केशवचरण बताउनुहुन्छ ।

सरकारले सहयोग गरेको खण्डमा प्रारम्भिक बाल शिक्षापछि एलकेजी, युकेजीको कक्षा पनि सञ्चालन गर्ने सोच छ विद्यालयको । विसं २००८ मा स्थापना भएको विद्यालय २०३७ सालदेखि निमावि, २०४३ सालदेखि मावि र २०७४ देखि कक्षा १२ चलाएको हो ।

विसं २०७६ को चैतदेखि विद्यालयको नेतृत्व समाल्नुभएका केशवचरणको सोच छ, विद्यालयलाई अझै अब्बल बनाउने । विद्यालय व्यवस्थापन समितिले पनि विद्यालयमा शिक्षाको सुधारकाबाहेक अरु विषयमा चासो राख्दैन । सरकारले शिक्षकका लागि तलब भत्ताको व्यवस्था गरे पनि अन्य भौतिक पूर्वाधारका लागि बजेट उपलब्ध नगराइदिँदा त्यसको व्यवस्थापनमा ध्यानु दिनुपरेको उहाँको भनाइ छ ।

एउटै विद्यालयमा दाजुभाइ नै प्रअ र सहायक प्रअका रुपमा रहनुभएका केशवचरण र विजयचरणले रासससँग भन्नुभयो, "सरकारी विद्यालय पनि यस्तो बन्छ र बनाउन सकिन्छ भन्ने मानक हामी स्थापित गर्छौँ, हामीलाई खुला हृदयका साथ सहयोग होस् ।" सार्वजनिक

*बाँकी अन्तिम पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘सञ्चार क्षेत्रका लागि सुरक्षित कार्यस्थल निर्देशिका, २०७९’ ल्याउने तयारी

**कालिका खड्का**

काठमाडौँ, १९ असार (रासस)।

सञ्चार क्षेत्रको कार्यस्थल सुरक्षित बनाउन तयार गरिएको ‘सञ्चार क्षेत्रका लागि सुरक्षित कार्यस्थल निर्देशिका, २०७९’ निर्देशिका कार्यान्वयनमा ल्याइने भएको छ। नेपाल पत्रकार महासङ्घ, प्रेस काउन्सिल नेपाल, सञ्चार क्षेत्रमा कार्यरत सङ्घसंस्था एवं सञ्चारक्षेत्रका विज्ञबीच बृहत् छलफल गरेर उक्त निर्देशिकाको मस्यौदा तयार गरिएको हो।

मस्यौदा समितिले तयार पारेको प्रारम्भिक विषयवस्तुमा विराटनगर, जनकपुर, चितवन, पोखरा, सुर्खेत र धनगढीमा छलफल भएपछि उपत्यकामा राष्ट्रिय गोष्ठी आयोजना गरेर अन्तिम रुप दिइएको हो। मस्यौदा समितिमा रहनुभएका महासङ्घका पूर्वध्यक्ष डा महेन्द्र विष्टले निर्देशिकालाई अन्तिमरुपमा दिने काम सम्पन्न भएको जानकारी दिँदै भन्नुभयो, “निर्देशिका तयार भएको छ, केही दिनमै महासङ्घ र काउन्सिललाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ, त्यसपछि कार्यान्वयनमा आउने विश्वास छ।”

मस्यौदा समितिमा प्रेस काउन्सिलका नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्ट, डा विष्ट, न्यूनतम पारिश्रमिक निर्धारण समितिका संयोजक संगीता खड्का, मिडिया एड्भोकेसी ग्रुपका कार्यकारी निर्देशक बबिता बस्नेत र अध्यक्ष अनिता बिन्दु रहनुभएको थियो।

**कुन ठाउँ कार्यस्थलभित्र पर्छ ?**

कार्यस्थलका रुपमा सञ्चारमाध्यमका कार्यालय, कामसँग जोडिएका सार्वजनिक तथा निजीस्थल, भ्रमण, यात्रा, तालिम, कार्यक्रम वा सामाजिक गतिविधिका स्थान पर्छ। त्यस्तै संस्थाले उपलब्ध गराएको बासस्थान, कार्यस्थलमा जाने आउने क्रममा प्रयोग हुने स्थान वा यातायात, भुक्तानी लिने, आराम गर्ने, कार्यालय समयमा खानाखाने, सरसफाइ गर्ने, कपडा फेर्ने वा मेकअप स्थान पर्नेछ।

निर्देशिकामा कार्यस्थलमा हुने हिंसा र दुर्व्यवहारमा शारीरिक, मनोवैज्ञानिक, यौनिक वा आर्थिक क्षति पुऱ्याउने गरी कार्यस्थलमा भएका वा हुने अस्वीकार्य व्यवहार र अभ्यास वा सोको धम्की, जसको उद्देश्य, परिणाम वा सम्भावित परिणाम हिंसा र दुर्व्यवहार हुन्छ। कामको सिलसिलामा प्रयोग हुने कम्प्युटर तथा अन्य सञ्चार तथा सूचना प्रविधिका साधन वा उपकरण वा इन्टरनेटको प्रयोग र सोमार्फत हुने सञ्चार वा अनलाइन हिंसालाई निर्देशिकामा समेटिएको छ।

लैङ्गिक हिंसा र दुर्व्यवहारमा कुनै व्यक्तिउपर उसको लिङ्ग वा लैङ्गिकतालाई लक्षित गरी वा लैङ्गिक भिन्नता वा असमानरुपमा कुनै खास लिंग वा लैङ्गिक भिन्नता भएको व्यक्तिलाई असर गर्ने गरी हुने हिंसा र दुर्व्यवहार रहेको छ।

यौनजन्य दुर्व्यवहारमा कुनै किसिमको दबाब, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कार्यस्थलमा गरिने यौनजन्य क्रियाकलापसँग सम्बन्धित यौनजन्य दुर्व्यवहार सम्झनुपर्छ।

उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा लैङ्गिक पहिचान र यौनिक अभिमुखीकरण, उमेर, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा गरिने भेदभावलाई निर्देशिकामा राखिएको छ।

शक्तिको दुरुपयोगमा पदीय हैसियत वा शक्तिको आडमा कसैलाई शारीरिक, मनोवैज्ञानिक, भौतिक, आर्थिक वा वृत्ति विकासमा असर पर्ने गरी कुनै पनि किसिमको धम्की वा प्रलोभन दिइ शारीरिक हिंसा, दुर्व्यवहार वा हतोत्साहन वा मनोवैज्ञानिक दबाबमा राख्ने वा बन्धक बनाउने प्रकृतिका कार्यलाई दुर्व्यवहारमा समेटिएको छ।

**के छ निर्देशिकामा नयाँ व्यवस्था ?**

‘सञ्चार क्षेत्रका लागि सुरक्षित कार्यस्थल निर्देशिका, २०७९’ निर्देशिकामा गुनासो तथा सुनुवाइ गर्ने नयाँ व्यवस्था छ। निर्देशिकामा भनिएको छ, “कार्यक्षेत्रमा समेटिएका जोकसैलाई कार्यस्थलमा कसैले कुनै प्रकारको हिंसा वा दुर्व्यवहार वा यौनजन्य दुर्व्यवहार वा भेदभाव गरेमा सोबाट पीडित व्यक्ति वा निजको सहमतिमा निजकोतर्फबाट जोसुकैले त्यस्तो व्यक्तिउपर व्यवस्थापक वा निजले गठन गरेको गुनासो सुनुवाइ समितिसमक्ष ३५ दिनभित्र लिखित वा मौखिकरुपमा गुनासो गर्न सक्नेछ।”

कुनै गुनासो आएमा व्यवस्थापकले सो सम्बन्धमा प्रचलित कानुनको अधिनमा रही समितिमार्फत छानबिन गर्नुपर्ने र सोही बमोजिम छानबिन गर्दा आरोपित व्यक्तिले गुनासो गर्ने पत्रकार, कर्मचारी वा सेवाग्राहीलाई कुनै प्रकारको हिंसा वा दुर्व्यवहार वा यौनजन्य दुर्व्यवहार वा भेदभाव गरेको देखिएमा समितिले सिफारिस गर्ने व्यवस्था रहेको छ।

दोषी ठहरिएमा कारवाही गर्ने व्यवस्था निर्देशिकामा रहेको छ। कारबाहीमा व्यक्तिलाई पीडितसँग माफी मगाउन लगाउने, यस्तो काम पुनःनगर्न सचेत गराउने, पीडितलाई मनासिब क्षतिपूर्ति भराइदिने र सेवा शर्तसम्बन्धी कानुनबमोजिम विभागीय कारबाही गर्ने व्यवस्था रहेको छ।

गुनासोको टुङ्गो सामान्यतया १५ दिनभित्र लगाउनुपर्नेछ। सो अवधिभित्र सुनुवाइ पूरा हुन नसक्ने अवस्था भएमा व्यवस्थापकको स्वीकृति लिइ थप १५ दिनभित्र टुङ्ग्याउनुपर्ने हुन्छ।

गुनासो सुनुवाइ समितिमा संस्थाको कार्यकारी प्रमुख वा व्यवस्थापकले तोकेको विभागीय प्रमुख संयोजक हुनेछ। समाचार सम्पादन र कर्मचारी प्रशासन वा कानुन हेर्ने शाखा प्रमुखमध्येबाट व्यवस्थापकले तोकेको दुई जना सदस्य रहने, पत्रकार महासङ्घको स्थानीय इकाइ र कर्मचारी युनियनका आधिकारिक प्रतिनिधि गरी दुई जना सदस्य, समितिको गठन गर्दा कम्तीमा दुई जना महिला हुनुपर्ने व्यवस्था रहेको छ।

निर्देशिकामा गुनासो गरेको कारणले मात्र व्यवस्थापकले कुनै कर्मचारीलाई सेवाबाट हटाउन, घटुवा गर्न, बढुवा रोक्का गर्न वा अन्य विभागीय कारबाही गर्न वा निजको सरुवा, कार्यक्षेत्र परिवर्तनलगायतका वृत्तिविकासमा असर पर्ने गरी कुनै किसिमको कारबाही गर्न नपाउने व्यवस्था रहेको छ।

व्यवस्थापकले यसविपरीत कुनै कर्मचारी उपर कुनै किसिमको कारबाही गरेमा त्यस्तो कर्मचारीले सो व्यहोरा खुलाइ कानुनी उपचारका लागि सञ्चालक समिति वा निर्णय गर्नेभन्दा एक तहमाथिको पदाधिकारी वा निकायमा निवेदन दिन वा सिधै राज्यका सम्बद्ध निकाय वा न्यायालयसमक्ष उजुरी दिन सक्ने व्यवस्था छ।

निर्देशिकाबमोजिम गुनासो वा उजुरी गरेका कारणबाट कुनै कर्मचारीले कार्यस्थलमा कुनै किसिमको असुरक्षा महसुस गरेमा त्यस्तो कर्मचारीले सुरक्षाका लागि व्यवस्थापकसमक्ष निवेदन दिन सक्नेछ। कार्यस्थलमा दुर्व्यवहार नहुने वातावरण बनाउने र भएको अवस्थामा कारवाहीको व्यवस्था मिलाउने रहेको छ।

**निर्देशिका पूर्ण कार्यान्वयन गर्न राष्ट्रिय गोष्ठीको सुझाव**

अन्तिम रायका लागि यही असार १५ गते आयोजना गरिएको राष्ट्रिय गोष्ठीमा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सो निर्देशिका काउन्सिलले जारी गरेर कडाइका साथ लागू हुने बताउनुभयो। महासङ्घका अध्यक्ष विपुल पोखरेलले मिडियाले बहुलबादको अभ्यास गर्नुपर्ने भएकाले कार्यस्थल सुरक्षित हुनुपर्ने बताउनुभयो। “महासङ्घले प्रत्येक तालिम सञ्चालन गर्दा सुरक्षित कार्यस्थलसम्बन्धी विषय नै राख्ने गरेको छ”, उहाँले थप्नुभयो, “निर्देशिका उल्लङ्घन गर्नेलाई कानूनी कारबाहीका प्रक्रिया पनि अघि बढाउनुपर्छ।”

राष्ट्रिय समाचार समितिका अध्यक्ष धर्मेन्द्र झाले सञ्चार क्षेत्रलाई सुरक्षित बनाउन निर्देशिका बनाएर मात्र हुँदैन त्यसलाई कार्यान्वयनमा लैजानपर्छ भन्नुभयो। “निर्देशिका जरुरी छ, यो सबैको दायित्व हो, तर यसको स्वामित्व कसले लिन्छ ?”, उहाँले थप्नुभयो, “सञ्चार क्षेत्रमा यो पहिलो दस्तावेज होइन, पहिलो छलफल पनि होइन, यसलाई कागजमा सीमित बनाउने होइन, जिम्मेवारीपूर्वक लागू गर्नुपर्छ।”

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले कुनै पनि कार्यस्थल सुरक्षित बनाउनु सरकारको दायित्व भएको र अरुभन्दा सञ्चार क्षेत्र अझ संवेदनशील भएको हुँदा निर्देशिका जरुरी भएको बताउनुभयो। “सञ्चार क्षेत्रका लागि सुरक्षित कार्यस्थलसम्बन्धी निर्देशिका कार्यान्वयन गर्ने काम प्रेस काउन्सिलको हो”, उहाँले भन्नुभयो, “नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशिका सम्पूर्ण बैंकले कानुनसरह लागू गर्छन्, त्यस्तै सञ्चारका क्षेत्रमा प्रेस काउन्सिलले लागू गरेको आचारसंहिता वा निर्देशिका पनि कानूनसरह लागू हुन्छ।”

सोही अवसरमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले नेपाली पत्रकारितालाई स्वतन्त्र र मर्यादित बनाउनका लागि निर्देशिका उपयोगी हुने धारणा व्यक्त गर्नुभयो। “सञ्चार क्षेत्रमा कार्यस्थल सुरक्षितसम्बन्धी निर्देशिका एउटा दस्तावेज बनाउने मात्र होइन, यसलाई कार्यान्वयन गरेर जानुपर्छ”, मन्त्री कार्कीले भन्नुभयो, “यो दस्तावेजले पत्रकारलाई मात्र होइन, सबै नागरिकलाई उदाहरण हुनेगरी कार्यान्वयन गरेर जानुपर्छ।” उहाँले सञ्चारमाध्यमको कार्यकक्ष, कार्यस्थल, समाचार सङ्कलन गर्ने ठाउँमा मात्र सुरक्षा नभई समग्र समाजलाई सुरक्षित बनाउने विषयमा छलफल हुनुपर्ने जरुरी छ भन्नुभयो। सञ्चारकर्मी आफू अनुशासित, उत्तरदायी र पारदर्शी हुनुपर्ने उहाँको जोड थियो।

## *फरार प्रतिवादी...*

पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए। आइतबार उनलाई कैद भुक्तानका लागि कारागार चलान गरिएको छ।

सदाले यादवको पसलबाट १ लाख ६९ हजारको सरसामान चोरी गरेको अनुसन्धानको क्रममा खुलेको प्रहरीको भनाई छ।

# विश्व समाचार

## भारतद्वारा धार्मिक स्वतन्त्रतासम्बन्धी अमेरिकी प्रतिवेदनको आलोचना

नयाँदिल्ली, १९ असार (रासस-सिन्ह्वा)।

भारतले संयुक्त राज्य अमेरिकाको अन्तरराष्ट्रिय धार्मिक स्वतन्त्रता आयोगले भारतमा धार्मिक स्वतन्त्रताका विषयमा गरेको पक्षपाती र गलत टिप्पणी आलोचना गरेको छ।

भारतको विदेश मन्त्रालयका अनुसार उक्त आयोगको टिप्पणीले भारत र यसको संवैधानिक ढाँचा एवं बहुलताको विषयको बुझाइमा कमी रहेको टिप्पणी गरेको छ।

“हामीले अन्तरराष्ट्रिय धार्मिक स्वतन्त्रता (युएससीआईआरएफ)सम्बन्धी अमेरिकी आयोगले भारतको पक्षपाती र गलत टिप्पणी उल्लेख गरेको देखेका छौँ,” भारतको विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले शनिबार साँझ एक मिडिया प्रश्नको जवाफमा सो कुरा भनेका छन्।

“यी टिप्पणीले भारत र यसको संवैधानिक ढाँचा, यसको बहुलता र यसको लोकतान्त्रिक नैतिकताको गम्भीर कमीलाई प्रतिबिम्बित गर्दछ।” शनिबार युएससीआईआरएफले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्ममा आफ्ना आयुक्त डेभिड करीलाई उद्धृत गर्दै आयोग “भारत सरकारको आलोचनात्मक आवाज - विशेष गरी धार्मिक अल्पसंख्यक र उनीहरूका लागि वकालत गर्नेको निरन्तर दमनप्रति चिन्तित छ,” भनिएको छ।

प्रवक्ता बागचीले भनेका छन् “दुःखको कुरा आयोगले आफ्नो एजेन्डाअनुसार आफ्नो कथन र प्रतिवेदनमा बारम्बार तथ्यलाई गलत ढङ्गले प्रस्तुत गरेको छ। त्यस्ता कार्यले आयोगको विश्वसनीयता र उद्देश्यको बारेमा चिन्तित तुल्याएको छ।

## नाइजेरिया खानी आक्रमणः तीस सैनिकको मृत्यु

मैदुगुरी, नाइजेरिया (रासस/सिन्ह्वा)।

खानी मजदुरको खोजिमा खटिएका सुरक्षाकर्मीमाथि बन्दुकधारी समूहले अन्धाधुन्ध आक्रमण गर्दा ३० जना नाइजेरियाली सैनिकको मृत्यु भएको छ।

चारजना चिनियाँ नागरिकसहित अन्य खानी मजदुरमाथि बुधबार भएको आक्रमण र त्यस क्रममा अपहरण गरिएकाहरूको खोजिमा खटिएका सैनिक शिरोरोमा मारिएका एकजना नाइजेरियाली सैनिक अधिकारीले बताए।

मजदुरको खोजी र उद्धारमा गएको फौजमाथि गरिएको आक्रमण निन्दा गर्दै ती अधिकारीले आफ्ना सैन्य जवानलाई गुमाउनु हृदयविदारक भएको उल्लेख गर्दै त्यसले आफूहरूलाई केही कमजोर बनाए पनि आक्रमणकारीहरूलाई ठेगान लगाउन पछि नहट्ने प्रतिबद्धता व्यक्त गरे।

शिरोरोका एकजना स्थानीय अधिकारीका अनुसार मोटरसाइकल र ट्रकमा खानीमा आएका बन्दुकधारीले सुरक्षाफौजमाथि अन्धाधुन्ध गोली प्रहार गरे सातजनाको हत्या गरेका थिएभने आठ जना कामदारलाई पनि मारेका थिए। साथै उनीहरूले चिनियाँ कामदारलाई अपहरण गरेका थिए। मारिएका सर्वसाधारण खानी मजदुर भएनभएको यकिन भएको छैन।

## चीनमा तैरिरहेको क्रेन डुब्दा २७ बेपत्ता

बेइजिङ, (चीन), १९ असार (रासस-एएनआई)।

चीनको ग्वाङ्डोङ प्रान्तमा शनिबार बिहान पानीमा तैरिरहेको क्रेन डुब्दा कम्तीमा २७ जना बेपत्ता भएका छन्।

सिन्ह्वाका अनुसार सो तैरिरहेको क्रेन याङजियाङ शहर नजिकैको पानीमा चाबा नामक आँधीबाट जोगिने क्रममा यसको मुरिङ चेन भत्केपछि लङ्गर तानिएको र खतरामा रहेको अनुगमन प्रणालीले जनाएको छ। प्रान्तीय सामुद्रिक खोज तथा उद्धार केन्द्रले सो घटना बारे पुष्टि गरेको छ।

बेपत्ताको खोजीका तथा उद्धारका लागि हेलिकप्टर, उद्धार जहाज र व्यापारिक जहाजसमेत परिचालन गरिएको केन्द्रले जनाएको छ।

केन्द्रका अनुसार राति १२ बजेतिर तीनको उद्धार गरिएको थियो भने २७ जना पानीमा डुबेर बेपत्ता छन्।

विज्ञप्तिअनुसार खोजी तथा उद्धारकार्य जारी रहेको छ। केही चालक दलले जहाजलाई त्यागेका थिए, उनीहरूलाई सुरक्षामा तान्ने प्रयासमा बाधा पुऱ्याएको थियो, उद्धारकर्ताले भने, न्यूयोर्क पोस्टका अनुसार आँधीले अधिकतम ६८ माइल प्रतिघण्टाको गतिमा हावा चलेको बताइएको छ।

दक्षिण चीन सागरमा सञ्चालित औद्योगिक सहायता जहाज दुई दर्जनभन्दा बढी चालक दलका सदस्यको डुबानमा पारेको हुनसक्ने देखिएको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh

MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# अब सूचना विभागका सम्पूर्ण सेवा अनलाइनबाटै

काठमाडौं, १९ असार (रासस)। सूचना तथा प्रसारण विभागबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु अब अनलाइनबाटै प्रदान गरिने भएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विभागले प्रदान गर्ने बिआरएलएमएस, डिएमएस, सूचना व्यवस्थापन प्रणाली र क्यास एसएमएस अनलाइन प्रणालीको आइतबार उद्घाटन गर्नुभयो।

सोही अवसरमा सरकारका प्रवक्ता कार्कीले आइटी क्षेत्र मुलुकको समृद्धिसँग जोडिएको उल्लेख गर्दै विभागले सुरु गरेको अनलाइन सेवालाई प्रयोगकर्तामैत्री, समाज उपयोगी, प्रभावकारी, प्रेरणादायी, उदाहरणीय र सुरक्षित बनाउन निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, “आजको युग सूचना र प्रविधिको युग हो, आज संसार एउटा ग्लोबल भिलेजको रुपमा परिणत भएको छ, सूचना र सञ्चार प्रविधिलाई हामीले विकास गरेर अब त्यसबाट मुलुकलाई अधिकतम लाभ दिलाउने दिशामा अग्रसर हुनु जरुरी छ।” सूचना र प्रविधि क्षेत्रको महत्वलाई बुझेर विदेशीएका युवालाई त्यस क्षेत्रमा आकर्षित गर्दै आइसिटिभित्र मुलुकको भविष्य खोज्नुपर्ने उहाँको भनाइ छ।

मन्त्री कार्कीले जलस्रोत, पर्यटन र व्यावसायिक कृषिमा जस्तै आइटीको क्षेत्रमा पनि स्वर्णिम भविष्य रहेको बताउनुभयो। आइटीको क्षेत्रमा रहेको सम्भावनालाई आगामी दिनमा व्यवहारिक रुपमै अवसरमा परिणत गर्नुपर्ने उल्लेख गर्दै उहाँले देशलाई समृद्ध बनाउने सरकारको लक्ष्य अनुरुप अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

विभागले अनलाइन सेवाअन्तर्गत सूचना व्यवस्थापन प्रणाली गत वर्षदेखि सुरु गरेको थियो। चालु आर्थिक वर्षमा ९२७ पत्रपत्रिका, ३८ टेलिभिजन, २५१ रेडियो र १४ ९७ अनलाइनले दरबन्दी बुझाएको विभागले जनाएको छ। हालसम्म प्रेस प्रतिनिधि प्रमाणपत्र लिने पत्रकारको सङ्ख्या ३१ हजार २५ रहेको विभागका महानिर्देशक गोगनबहादुर हमालले जानकारी दिनुभयो।

चालु आवमा दुई हजार ९२ प्रेस पास वितरण गर्नुका साथै दुई हजार ५५७ प्रेस पास नवीकरण गरिएको छ। त्यसैगरी चालु आवमा दर्ता ६६२ र नवीकरण ६७७ गरी हालसम्म तीन हजार ४६३ अनलाइन दर्ता भइसकेको महानिर्देशक हमालले जानकारी दिनुभयो।

सञ्चार सचिव डा बैकुण्ठ अर्यालले डिजिटल नेपालको आकाक्षा पूरा गर्ने उद्देश्यले सञ्चार मन्त्रालयका ९० प्रतिशत सेवा अनलाइनबाटै प्रदान गर्दै आएको जानकारी दिनुभयो। न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष सङ्गीता खड्का र नेपाल पत्रकार महासङ्घका महासचिव रोशन पुरीले पत्रकारको न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

विभागले प्रेस प्रतिनिधि प्रमाणपत्र, परिचयपत्र जारी तथा नवीकरण, अनलाइन सञ्चार माध्यम दर्ता तथा नवीकरण, पत्रपत्रिका तथा पत्रकारको अभिलेख व्यवस्थापन, सार्वजनिक सूचना व्यवस्थापन र वितरण, प्रेस रजिष्ट्रारको कार्य जिम्मेवारी सम्पादन, सरकारी कार्यक्रमको औपचारिक फोटोग्राफी, सङ्ग्रह र वितरण तथा सूचनामूलक र ज्ञानवर्द्धक सामग्री प्रकाशन वितरणलगायतका कार्य गर्दै आएको छ। सोही अवसरमा सञ्चारमन्त्री कार्कीले विभाग, प्रेस काउन्सिल नेपाल र न्यूनतम पारिश्रमिक निर्धारण समितिको स्थलगत निरीक्षणसमेत गर्नुभएको थियो।

# सप्तरी, पर्सा, बारा र सिरहा सेमिफाईनलमा प्रवेश



**दैनिक समाचारदाता**
**राजबिराज, १९ असार।**

राजबिराजमा संचालित महेन्द्र नारायण निधि प्रदेश स्तरिय क्रिकेट प्रतियोगिताको सेमिफाईनलमा सप्तरी, पर्सा र बारा प्रवेश गरेका छन।

आईतवार सम्पन्न लिग चरणको तीन वटा खेल अन्तरगत पहिलो खेलमा सप्तरीले धनुषालाई ३ बिकेटले, दोस्रो खेलमा पर्साले सर्लाहीलाई ४ बिकेटले तथा तेस्रो खेलमा बाराले रौतहटलाई पराजित गरेको हो भने सिरहा नेट रन रेटको आधारमा सेमिफाईनलमा प्रवेश गरिसकेको छ।

पहिलो खेलमा धनुषाले टस जितेर निर्धारित १५ ओभरको खेलमा ८ बिकेट गुमाएर ९३ रनको योगफल खडा गरेको थियो। जवाफमा सप्तरीले १३ ओभर २ बलमा ७ बिकेट गुमाई बिजय हात पारेको छ। खेलको म्यान अफ दि म्याच रोहित सिंह घोषित भए।

यस्तै पर्सा र सर्लाही बिच भएको दोस्रो खेलमा टस जितेर सर्लाहीले ७ बिकेट गुमाई १ सय २० रनको योगफल खडा गरेका थिए। जवाफमा पर्साले १४ ओभर २ बल खेल्दै ६ बिकेट गुमाई बिजय हात पारेको हो। उक्त खेलको म्यान अफ दि म्याच पर्साका ईमरान शेख घोषित भए।

यस्तै बारा र रौतहटबिच भएको खेलमा टस जितेर रौतहटले ब्याटिङ गर्दै ७ बिकेट गुमाएर १ सय २ रन बनाएको थियो। जवाफमा बाराले १४ ओभर ५ बलमा सबै बिकेट गुमाई १ सय रन मात्र बनाएपछि रौतहट बिजयी भयो।

यता रौतहटले जित हात पारेपनि रन रेटको आधारमा बारा सेमिफाईनलमा प्रवेष गरेको आयोजकले जनाएको छ। उक्त खेलको म्यान अफ दि म्याच रौतहट टिमका रंजित मुखिया घोषित भए।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# लोककल्याणकारी विज्ञापन वितरण गर्दै मधेस प्रदेश सरकार

जनकपुरधाम, १९ असार (रासस)। मधेस प्रदेश सरकारले सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण गर्ने भएको छ। मधेस प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले ‘मधेस प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि-२०७९’ र ‘मधेस प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि-२०७९’ स्वीकृत गरेसँगै विज्ञापन वितरणको बाटो खुला भएको हो।

गृह तथा सञ्चार मन्त्रालयअन्तर्गतको आमसञ्चार प्राधिकरण मधेस प्रदेशले प्रदेशका आठवटै जिल्लाबाट पत्रपत्रिका, टेलिभिजन, रेडियो/एफएम र अनलाइन सञ्चारमाध्यमलाई मधेस प्रदेश सरकारको लोकहितका विज्ञापन एवं सूचना लोककल्याणकारी विज्ञापनको रूपमा विरतण गर्न लागेको छ। यसका लागि सञ्चारमाध्यमलाई सूचीकृत गराउन आवेदन आह्वान गरेको र आवेदन आएलगत्तै तीन-चार दिनभित्रै सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिनुभयो।

केही महिनाअघिदेखि नै लोककल्याणकारी विज्ञापन वितरणको तयारी गरिए पनि मन्त्रिपरिषद्बाट कार्यविधि स्वीकृत हुन ढिलाइ भएको र कर्मचारी आभावलगायतका कारणले केही समय ढिलाइ भएको उहाँले बताउनुभयो। लोककल्याणकारी विज्ञापनको सबै तयारी भइसकेको र केही दिनभित्रै सबै सञ्चारमाध्यमलाई त्यो उपलब्ध गराइने उहाँको भनाइ छ। त्यस्ता विज्ञापन एवं सूचना सञ्चारमाध्यमले प्रकाशन-प्रसारण गरेवापत आमसञ्चार प्राधिकरणबाट कार्यविधिमा तोकिएबमोजिम भुक्तानी उपलब्ध गराइने अध्यक्ष यादवले जानकारी दिनुभयो।

यसैगरी पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि स्वीकृत भएपछि प्रदेशका जिल्लाहरूमा कार्यक्षेत्र बनाएर निरन्तर पत्रकारिता गर्दै आएका पत्रकारहरू बीमा कार्यक्रमबाट लाभ लिने बाटो खुलेको छ। बीमामा सहभागी पत्रकारले वर्षमा एकपटक रु एक लाखसम्मको औषधोपचार खर्च पाउने र रु सात लाखसम्मको दुर्घटना बीमा प्राप्त गर्ने कार्यविधिमा व्यवस्था गरिएको छ।


बालविवाह नगरौं, नगराऔं
बालविवाहमूक्त समाज निर्माण गरौं
छोरीलाई दाइजो होइन, शिक्षा दिऔं
मधेश प्रदेश सरकार
आम सञ्चार प्राधिकरण


*एक सरकारी...*

शिक्षामा केही गरौं भन्ने आभास उहाँहरु दुवैको आँखामा देख्न सकिन्थ्यो। भक्तपुरका पुराना राजनीतिज्ञ एवं समाजसेवी कृष्णचरण श्रेष्ठका जेठा छोरा हुनुहुन्छ केशवचरण र माइला छोरा हुनुहुन्छ विजयचरण।

सोही विद्यालयमा बिहानको सत्रमा अर्कै नाममा अर्को विद्यालय पनि सञ्चालन छ। उमेरले ८७ वर्ष लागे पनि कृष्णचरण आफैं पनि बिहान अर्थशास्त्र पढाउन पुग्नुहुन्छ। छोराहरुले गणेश माविलाई गणेश मावि जस्तो बनाएका पितालाई पनि सन्तोष छ। सार्वजनिक शिक्षा राज्यको दायित्व हो। तर राज्यले राम्ररी हेर्न नसकेकामा उहाँको गुनासो छ। विद्यालय सञ्चालन गर्ने व्यवस्थापन समिति, त्यहाँ कार्यरत शिक्षक तथा कर्मचारी मात्रै इमान्दार हुने हो भने धेरै सुधार गर्न गर्न सकिने र हुने उहाँको दृढ विश्वास छ। कृष्णचरण भन्नुहुन्छ, “अन्यत्र पढ्ने र पढाउनेभन्दा राजनीति बढी हुँदा शैक्षिकस्तर हरेक वर्ष खस्कँदै गयो।” अधिकांश विद्यालय अगाडि बढ्न नसक्नुको पछाडि व्यवस्थापन समितिले अनावश्यक हस्तक्षेप गर्नु पनि रहेको उहाँको भनाइ छ।

जिल्लाकै नमूना विद्यालयका रुपमा स्थापित भएको सो विद्यालय जस्तै अरु विद्यालयका पनि बनाउने दायित्व त्यहींका अभिभावक, शिक्षक र सरकारको हो। सरकारी विद्यालयको शैक्षिकस्तर हरेक वर्ष खस्किरहेका बेला गणेश माविले देखाएको उदाहरण अरु विद्यालयका लागिसमेत प्रेरणाको स्रोत बन्न सक्छ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np